**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ११३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २६ गते शनिबार ❑ 9 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## अन्तरराष्ट्रिय सम्बन्ध र कूटनीतिक अभ्यासको महत्व बढ्दै गएको छ : सभामुख अर्याल

**रासस**
काठमाडौं, २५ बैशाख

सभामुख डोलप्रसाद अर्यालले वर्तमान विश्व परिवेशमा अन्तरराष्ट्रिय सम्बन्ध र कूटनीतिक अभ्यासको महत्व झन् बढ्दै गएको बताउनुभएको छ।

नेपाल विश्व सम्बन्ध परिषद्को ७८औँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले नेपालको अन्तरर्राष्ट्रिय सम्बन्धका मुख्य आधारस्तम्भहरूमा आधारित रहेर राष्ट्रिय हितको संरक्षण एवं प्रवर्द्धन, आर्थिक कूटनीति र विकास गर्नुपर्नेमा जोड दिनुभयो । सभामुख अर्यालले परिषद्ले राष्ट्रिय तथा अन्तरर ाष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै वैदेशिक नीति निर्माण, अनुसन्धान, बौद्धिक बहस तथा नागरिक सहभागिताको प्रवर्द्धनमार्फत नेपालको अन्तरराष्ट्रिय पहिचान सुदृढ बनाउन उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो।

"विश्वव्यापी रूपमा नेपाललाई कूटनीतिक र सांस्कृतिक सम्बन्धहरूलाई थप सुदृढ बनाउने, पर्यटन क्षेत्रमा दिगो विकास र संरक्षण सुनिश्चित सवल कूटनीतिक अभ्यास गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "आजको विश्व परिवेशमा हामीले अनेकौँ चुनौती र अवसरहरूको सामना गरिरहेका छौँ । विश्वव्यापी महामारीको प्रभावले यात्रा, पर्यटन र सम्पदाको संरक्षणमा नयाँ चुनौतीहरू सृजना गरिरहेको छ।"

असंलग्न नीतिका आधारमा रहेर हाम्रो राष्ट्रिय पहिचान र विश्वसामु नेपालको सकारात्मक छवि निर्माण गर्न अवलम्बन गर्ने कूटनीतिले ठूलो भूमिका खेल्न सक्ने बताउँदै सभामुख अर्यालले विश्व कूटनीतिक सम्बन्धहरूलाई अझ सुदृढ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## तालचोक-बेगनास सडकको तेस्रोपटक म्याद थप

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

निर्माणमा ढिलाइ भइरहेको तालचोक-बेगनास सडकको तेस्रोपटक म्याद थप भएको छ । पोखरा महानगरपालिका-२७ तालचोकदेखि ३१ बेगनास जोड्ने चार लेनको उक्त सडक दुई वर्षभित्रमा सक्नेगरी विसं २०७९ असारमा सम्झौता भएको थियो।

आगामी असारभित्र काम सक्नेगरी ठेक्काको म्याद थप भएको महानगरपालिकाको सडक शाखाका इन्जिनियर नवीन गौतमले जानकारी दिनुभयो । "तेस्रोपटक म्याद थप भएको छ, निर्माण कम्पनीले आगामी असारभित्रमा काम पूरा गर्ने प्रतिबद्धता जनाएको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म सडकको भौतिक प्रगति करिब ७५ प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत पुगेको छ।" सहरी विकास मन्त्रालय, महानगरपालिका, विकास साझेदार विश्व बैंक, परामर्शदातालगायत सरोकार भएका निकायसँगको छलफलमा निर्माण कम्पनीले तोकिएको समयमा काम सक्ने प्रतिबद्धता जनाएको इन्जिनियर गौतमले बताउनुभयो । उहाँका अनुसार यसअघि थपिएको म्याद गत चैत १७ मा सकिएपछि तेस्रोपटक म्याद थप भएको हो । 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेबी'ले निर्माण ठेक्का सम्झौता गरेको एक वर्षपछि मात्र काम सुरु गरेको थियो।

त्यसयता पनि निर्माण कम्पनीकै ढिलासुस्तीका कारण सडक समयमा बन्न नसकेको हो । तीन दशमलव २८ किमीको उक्त सडकमा जग्गा विवादका कारण पनि निर्माण प्रभावित हुन पुगेको इन्जिनियर गौतमले बताउनुभयो।

महानगरपालिकाको पहलमा जग्गाको विवाद मिलिसकेकाले अब काम नरोकिने उहाँको भनाइ छ । यसअघि निर्माण कम्पनीले प्रतिबद्धताअनुसार सडक निर्माणलाई गति दिन नसकेपछि स्थानीयस्तरबाट आलोचना हुँदै आएको थियो । विश्व बैंकको आर्थिक सहयोगमा उक्त सडक चार लेनमा विस्तार तथा स्तरोन्नति हुन लागेको हो । रु एक अर्ब ४९ करोडको लागत योजना रहे पनि निर्माण कम्पनीसँग भ्याटबाहेक रु ७५ करोड ४८ लाखमा ठेक्का सम्झौता भएको थियो। फुट ट्र्याक, साइकल लेन र पार्किङसहितको नमूना सडक बन्ने जनाइएको छ । सडक छेउछाउमा बगैँचा, सडकबत्तीलगायत आकर्षक पूर्वाधार निर्माण हुनेछन् भने सडकमा तीनवटा पुल पनि बन्नेछन्। महानगरको गौरवको आयोजनाका रूपमा तालचोक-बेगनास सडक स्तरोन्नतिलाई लिइएको नगरप्रमुख धनराज आचार्यले बताउनुभयो । चार लेनको सडक बनेपछि सात तालको बाटिका भनेर चिनिने सिङ्गो लेखनाथ क्षेत्रको विकासमा टेवा पुग्ने उहाँको भनाइ छ। पृथ्वी राजमार्गसँग जोडिएको उक्त सडक बेगनास, रूपा गाउँपालिका हुँदै लमजुङ जोडिन्छ। तालचोक-बेगनास सडक पृथ्वी राजमार्गसँग जोडिएकाले आर्थिक र पर्यटन गतिविधि थप बढ्ने अपेक्षा छ।

## ७७ जिल्लाका यातायात व्यवसायी पोखरामा भेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

नेपालभरका यातायात व्यवसायी आइतबारदेखि पोखरामा भेला हुने भएका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं महाधिवेशनमा सहभागी हुन ७७ जिल्लाबाट २ हजारभन्दा बढी यातायात व्यवसायी, प्रतिनिधि तथा पर्यवेक्षक पोखरा आउने भएका हुन्।

महासंघले शुक्रबार पोखरामा पत्रकार सम्मेलन गर्दै वैशाख २७ देखि २९ गतेसम्म पोखरा इभेन्ट सेन्टरमा महाधिवेशन आयोजना हुने जानकारी गराएको हो। यात्रुबाहक तथा मालवाहक सवारी साधनसँग सम्बन्धित संघ, समिति, कम्पनी, प्रालि, पर्यटन तथा सहकारी क्षेत्रका ३८७ सदस्य संस्थाबाट प्रतिनिधिहरू सहभागी हुने भएको महासंघ गण्डकी प्रदेश संयोजक केदार पौडेलले बताउनु भयो।




महाधिवेशनको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गर्ने कार्यक्रम तय भएको महासंघका केन्द्रीय सदस्य केशव अधिकारीले जानकारी दिनुभयो। पहिलो दिन उद्घाटन सत्र, दोस्रो दिन बन्दसत्र तथा अन्तिम दिन नयाँ नेतृत्व चयन प्रक्रिया सञ्चालन हुनेछ। महाधिवेशनलाई लक्षित गर्दै होटल संघ पोखरा नेपालले सहभागी व्यवसायीका लागि होटल आवासमा २५ प्रतिशत छुटको व्यवस्था गरेको जनाएको छ। महासंघका अनुसार पोखराको पर्यटन प्रवर्द्धनसँगै व्यवसायीलाई सहज आवास व्यवस्थापन गर्ने उद्देश्यले छुटको व्यवस्था गरिएको हो।

महाधिवेशनबाट नयाँ नीति तथा नयाँ नेतृत्व चयन गरिने महासंघका सचिव भानुभक्त बरालले बताउनु भयो। अध्यक्ष पदका लागि वरिष्ठ उपाध्यक्षद्वय सरोज सिटौला र हरिशरण केसी आकांक्षी देखिनु भएको छ । अर्का वरिष्ठ उपाध्यक्ष ऐनकुमार शाही पुनः सोही पदमा दोहोरिने तयारीमा हुनुहुन्छ भने गण्डकी प्रदेश संयोजक केदार पौडेल पनि वरिष्ठ उपाध्यक्षका दाबेदारको रुपमा रहनु भएको छ। यस्तै, गण्डकी प्रदेश सचिव योगेन्द्रबहादुर केसीले उपाध्यक्षमा उम्मेदवारी दिने तयारी गर्नु भएको छ । वर्तमान केन्द्रीय सचिव भानुभक्त बरालले उपमहासचिवमा दाबी गर्नु हुने भएको छ । वरिष्ठ उपाध्यक्ष ऐनकुमार शाहीले महाधिवेशनले व्यवसायिक र सक्षम नेतृत्व चयन गर्ने विश्वास व्यक्त गर्नुभयो । व्यवसायिकता, व्यवसायिक एकता तथा स्वचालित भाडा समायोजन महाधिवेशनका मुख्य एजेण्डा बनाइने उहाँले जनाउनु भयो । सरकारले समयानुकूल स्वचालित भाडा समायोजन नगर्दा यातायात व्यवसायी मारमा परेको उल्लेख गर्दै उहाँले यस विषयमा साझा धारणा निर्माण गरिने बताउनु भयो । "यातायात क्षेत्रलाई मर्यादित, व्यवस्थित र व्यवसायिक बनाउनु नै हाम्रो मुख्य उद्देश्य हो," उहाँले भन्नुभयो।

## सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न नयाँ ऐन ल्याइँदै

**रासस**
काठमाडौं, २५ बैशाख

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेलले सहकारी क्षेत्रमा देखिएका समस्या दीर्घकालीन रूपमा समाधान गर्नेगरी नयाँ सहकारी ऐन मस्यौदा सुरु गरिएको बताउनुभएको छ।

सहकारी पत्रकार समाजले शुक्रबार यहाँ आयोजना गरेको 'सहकारी अध्यादेश र यसले पार्ने प्रभाव' विषयक अन्तरक्रियामा उहाँले अहिले तत्काल देखिएका समस्या समाधानका लागि मात्र अध्यादेश ल्याइएको जानकारी दिनुभयो । नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी 'ग्रे लिष्ट' मा परेको र त्यसबाट निस्कन पनि सहकारी क्षेत्रलाई नियमन गर्न

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## उद्योगपति पाण्डेद्वारा महायज्ञमा ५४ लाख बढी दान

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

पोखराका उद्योगपति तथा समाजसेवी हरि पाण्डे तथा उहाँका धर्मपत्नी तुलसा पाण्डेले वैवाहिक जीवनको ५९औँ वर्षगाँठका अवसरमा बिहीबार पोखराको मानव सेवा आश्रमका लागि रु ५४ लाख ४४ हजार ४४२ सहयोग गर्नुभएको छ।

पोखरा महानगरपालिका-८ सृजनाचोक निवासी पाण्डे दम्पतीले आफ्नो वैवाहिक वर्षगाँठलाई मानवसेवा र धर्मकार्यमा समर्पित गर्दै मानवसेवा आश्रमद्वारा यहाँ जारी श्रीमद् भागवत सप्ताह ज्ञानविज्ञान महायज्ञ २०८३ मा सो सहयोग गर्नुभएको महायज्ञ मूल आयोजक समितिका संयोजक अनिलकुमार शाहीले जानकारी दिनुभयो।



मानवसेवा आश्रम पोखरा-हेम्जाको भवन निर्माण सम्पन्नता, लक्ष्मीनारायण मन्दिर निर्माण सम्पन्नता, मुक्तिनाथ सेवा धर्मशाला निर्माण तथा अक्षयकोष श्रीवृद्धिको महान उद्देश्यसहित यही वैशाख १९ गतेदेखि महायज्ञ आयोजना गरिएको हो । महायज्ञमा पाण्डे दम्पतीले आजीवन वार्षिक भोजनसेवा ग्रहण गर्दै १८ दिनको वार्षिक भोजन सेवा सदस्यताका लागि रु १८ लाख ८८ हजार ८८७ सहयोग गर्नुभएको हो । यसैगरी मुक्तिनाथ सेवा धर्मशाला निर्माणअन्तर्गत पाँच कोठा निर्माणका लागि रु ३५ लाख ५५ हजार ५५५ सहयोग गर्नुभएको गर्नुभएको यज्ञ मूल आयोजक समितिले जनाएको छ । "वैवाहिक वर्षगाँठजस्तो विशेष अवसरलाई व्यक्तिगत उत्सवमा सीमित नराखी मानवताको सेवामा समर्पित गर्दै गरिएको सहयोगलाई महायज्ञकै प्रेरणादायी योगदानका रूपमा लिएका छौँ । पाण्डे दम्पतीको उदार सहयोगले आश्रमको सेवा विस्तार, पूर्वाधार विकास तथा दिगो मानवीय सेवामा महत्त्वपूर्ण टेवा पुगेको छ", मूल आयोजक समितिका संयोजक शाहीले भन्नुभयो । पाण्डे दम्पतीले यसअघि पनि २०७९ साल माघ २० गतेदेखि २७ गतेसम्म सम्पन्न श्रीमद् भागवत ज्ञानविज्ञान महायज्ञमार्फत भवन निर्माण सम्पन्नताका लागि रु ३० लाख ६६ हजार ६६६ सहयोग प्रदान गर्नुभएको थियो । मानव सेवा आश्रमले पाण्डे दम्पतीको योगदान समाजका लागि प्रेरणाको स्रोत बन्दै समाजमा सकारात्मक सन्देश प्रवाह गरेको जनाएको छ । आश्रमका अनुसार महायज्ञमार्फत करिब रु चार करोड सङ्कलन गर्ने लक्ष्य राखिएको छ । सङ्कलित रकम पोखरा शाखाको निर्माणाधीन भवन सम्पन्न गर्न, लक्ष्मीनारायण मन्दिर तथा मुक्तिनाथ धर्मशाला निर्माण र अक्षयकोष वृद्धि गर्न खर्च गरिने आश्रमका अध्यक्ष रामजी अधिकारीले बताउनुभयो । उहाँका अनुसार करिब रु १२ करोड लागत अनुमान गरिएको भवन निर्माण हालसम्म ६० प्रतिशत सकिएको छ । आश्रमले विगत १३ वर्षदेखि बेसहारा, अशक्त, अभिभावकविहीन बालबालिका तथा सडकआश्रित मानवको उद्धार, उपचार, संरक्षण र पुनःस्थापनाको काम गर्दै आएको छ । हाल देशका २३ जिल्लामा ३४ सेवा केन्द्रमार्फत करिब दुई हजार २०० जनालाई सेवा प्रदान गरेको छ । पोखराका दुई केन्द्रमा मात्र करिब ३०० आश्रित रहेका छन्।

# अन्नपूर्ण म्याराथनको छैटौं संस्करण जेठ २० गते हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

नेपालकै चर्चित अन्नपूर्ण आधार शिविर देखि घान्द्रुक सम्म सञ्चालन हुने "अन्नपूर्ण म्याराथन" को छैटौं संस्करण आगामी जेठ २० गते आयोजना हुने भएको छ।

हरेक वर्ष जुन ३ मा मनाइने अन्नपूर्ण आरोहण दिवसको अवसर पारेर आयोजना हुँदै आएको उक्त प्रतियोगिताले साहसिक खेलकुदसँगै पर्वतीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको आयोजक अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले जनाएको छ । ४२.१९५ किलोमिटर दूरीको म्याराथन अन्नपूर्ण आधार शिविरबाट सुरु भई माछापुच्छ्रे आधार शिविर, देउराली, हिमालय, दोभान, सिनुवा, छोम्रोङ, किम्रोङखोला हुँदै घान्द्रुकमा पुगेर सम्पन्न हुनेछ। हिमाली भूगोल, दुर्गम पदमार्ग र अनुपम प्राकृतिक सौन्दर्यका कारण यो म्याराथन नेपालकै आकर्षक साहसिक खेल प्रतियोगितामध्ये एक मानिन्छ।

प्रतियोगिताको प्राविधिक व्यवस्थापन नेपाल एडभेन्चर रनिङ फेडेरेशन ले गर्ने भएको हो। यस वर्ष राष्ट्रिय तथा अन्तर ाष्ट्रिय धावकहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको प्रतियोगिताका संयोजक ललित गुरुङले बताउनुभयो । गत वर्ष सम्पन्न पाँचौं संस्करणमा पुरुषतर्फ तिलक बहादुर सुनुवार तथा महिलातर्फ सुनमाया बुढा विजेता हुनु भएको थियो । प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः नगद १ लाख ५० हजार, १ लाख र ७५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विदेशी धावक, गण्डकी प्रदेशका उत्कृष्ट धावक, अन्नपूर्ण गाउँपालिकाभित्रका सहभागी तथा लगातार तीन संस्करणमा सहभागी महिला धावकलाई विशेष पुरस्कारको व्यवस्था गरिएको संयोजक गुरुङले जनाउनु भयो।

सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग को टोलीले अन्नपूर्ण प्रथम हिमाल सफलतापूर्वक आरोहण गरी ८ हजार मिटरभन्दा अग्लो हिमाल आरोहणको विश्व इतिहास रचेको ७५ वर्ष पूरा भएकाले प्रतियोगितालाई विशेष महत्वका साथ आयोजना गर्दै आएको हो।

म्याराथनसँगै सांस्कृतिक कार्यक्रम, पर्यटन प्रवर्द्धन अभियान तथा "अन्नपूर्ण पत्रकारिता पुरस्कार-२०८२" समेत प्रदान गरिने आयोजकले जनाएको छ। प्रतियोगिता सम्पन्न गर्न करिब ३८ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ।



भिरमौरी सिकार गर्न भर्याङ लगिँदैः लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ मिप्रा गाउँका स्थानीय बासिन्दा मह सिकारका लागि डोरीको भर्याङ तयार गरी लग्दै । तस्बिरः नवीन लामिछाने/रासस

# गण्डकी प्रदेश अन्तरजिल्ला भलिबलको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

जिल्ला खेलकुद विकास समिति तनहुँको आयोजनामा शनिबारदेखि दमौलीमा हुने गण्डकीप्रदेशस्तरीयअन्तरजिल्लामहिला पुरुष भलिबल प्रतियोगिताको तयारी पूरा भएको छ।

निकट भविष्यमा हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशबाट भलिबलको महिला तथा पुरुष टिम छनोट गर्ने उद्देश्यले यहाँ भलिबल प्रतियोगिता हुन लागेको हो। व्यास नगरपालिका-३ खुल्ला मैदानमा हुने प्रतियोगिताका लागि मैदान तयार भइसकेको समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो।

प्रतियोगितामा सहभागी हुनका लागि गण्डकी प्रदेशका १० वटा जिल्लाबाट महिला तथा पुरुष खेलाडी दमौली आउँदै छन् । त्यस्तै मनाङबाट भने पुरुष खेलाडीको सहभागिता नरहने र महिलाको मात्रै सहभागिता रहने पाण्डेले बताउनुभयो । छनोट खेल भएकाले प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ३० हजार, रु २० हजार र रु १५ हजार नगद प्रदान गरिनेछ। प्रतियोगितामा महिला पुरुष गरी २४० खेलाडी, २० प्रशिक्षक र २० अफिसियल उपस्थित हुनेछन् । पाण्डेले प्रतियोगितालाई गण्डकी प्रदेशका सबै जिल्लाका खेलाडीहरूको क्षमता उजागर गर्ने, उनीहरूबीच स्वस्थ प्रतिस्पर्धा विकास गर्ने र खेलकुदमार्फत सामाजिक एकता मजबुत बनाउने एउटा साझा अभियानका रूपमा लिएको उल्लेख गर्नुभयो । पछिल्लो समय भलिबलमा युवा पुस्ताको आकर्षण बढ्दै गए पनि उनीहरूको प्रतिभालाई सही मञ्चमा पुर्‍याउने संरचनागत अवसर अझै पर्याप्त छैन। "हामीले धेरै प्रतिभाशाली खेलाडीहरू गाउँगाउँमा देखिरहेका छौं । उनीहरूलाई नियमित प्रतियोगिता, उचित प्रशिक्षण र प्रतिस्पर्धात्मक वातावरणको अभाव छ", उहाँले भन्नुभयो, "त्यसैले यो प्रतियोगिता उनीहरूका लागि एउटा महत्त्वपूर्ण अवसर हो, जहाँ उनीहरूले आफ्नो क्षमता प्रमाणित गर्न सक्छन्।"

# सहकारी ...

आवश्यक रहेको सचिव भुजेलको भनाइ थियो । विभिन्न अध्ययन प्रतिवेदनको अध्ययनका आधारमा विषयगत सङ्घको कारोबार बन्द गर्न लागिएको जानकारी पनि उहाँले दिनुभयो । राष्ट्रिय सहकारी महासङ्घका कार्यवाहक अध्यक्ष रमेशप्रसाद पोखरेलले सहकारी अध्यादेशमा अपुताली ऐनलाई टेकेर परिवारको परिभाषा गर्दा व्यावहारिक नभएको बताउनुभयो । सहकारी ऐनलाई पूर्णरूपमा कार्यान्वयन गर्न ४८ वटा ऐन बाधक रहेको उहाँको भनाइ थियो।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका कार्यकारी निर्देशक डा पुष्पराज शाहीले नेपाल प्रहरीमा रहेको सिआइबी जस्तै युनिट बनाएर सहकारी क्षेत्रमा भएका अनियमितताको छानबिन गर्न लागिएको जानकारी दिनुभयो। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कून) का अध्यक्ष चन्द्रप्रसाद ढकालले सहकारीलाई स्तरीकरण गर्न काम गरिएको बताउनुभयो । प्राधिकरणलाई प्रणालीले नै बलियो बनाउनुपर्ने भनाइ पनि उहाँको थियो।

कार्यक्रममा वरिष्ठ अधिवक्ता प्रभात अधिकारीले सहकारी अध्यादेशसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै सहकारीलाई अनुगमन र सुपरीवेक्षण गर्ने निकायले पनि नहेर्दा अहिलेको समस्या आएको बताउनुभयो।अध्यादेशलेप्राधिकरणका काम, कर्तव्य र अधिकारलाई सबल बनाएकाले अब केही सुधार हुने उहाँको विश्वास थियो।

# अन्तरराष्ट्रिय ...

बनाउँदै नेपालको आर्थिक समृद्धि समुन्नत समाज निर्माणका लागि अन्तरराष्ट्रिय सम्बन्धलाई अझ दरिलो बनाउन आवश्यक रहेकामा जोड दिनुभयो । कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले परिषद्ले स्थापनाकालदेखि नै शैक्षिक क्षेत्र र सरकारका व्यावहारिक नीति निर्माण तहबीचको प्रमुख सेतुका रूपमा कार्य गर्दै आएको बताउँदै प्रशंसा गर्नुभयो। संयुक्त राष्ट्रसङ्घमा नेपालको सदस्यता तथा असंलग्न आन्दोलनको विकासको प्रारम्भिक चरणमा परिषद्ले विश्व समुदायमा नेपालको स्थानबारे बहस र विचारविमर्श गर्ने महत्त्वपूर्ण मञ्च प्रदान गरेको उहाँको भनाइ थियो।

"अहिले विश्व अनेकौं सङ्कटहरूको सङ्गमबाट गुज्रिरहेको छ, यस्ता चुनौतीहरू जसको समाधान कुनै एक राष्ट्रले मात्र गर्न सक्दैन", उहाँले भन्नुभयो, "जलवायु सङ्कटदेखि विश्वव्यापी आपूर्ति शृङ्खलाको अवरोध र ऊर्जा सुरक्षाका चुनौतीहरूसम्म, नेपालले आफ्नो सार्वभौम अखण्डता कायम राख्दै आफ्नो अर्थतन्त्रलाई विश्व बजारसँग कसरी एकीकृत गर्ने भन्ने मार्ग खोज्नुपरेको छ।"

आजको विदेश नीति केवल उच्चस्तरीय सम्मेलन र औपचारिक वार्तामा सीमित नरहेको उल्लेख गर्दै मन्त्री खनालले आम नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित रहेको र यो हाम्रा आप्रवासी श्रमिकहरूको सुरक्षा र सम्मानसँग समेत सम्बन्धित रहेको बताउनुभयो।

उहाँले मन्त्रालय परिषद्को प्रयास र गतिविधिहरूलाई सहयोग गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै विदेश नीति तथा कूटनीतिसम्बन्धी सुझाव र योगदानलाई उच्च मूल्याङ्कन गर्ने बताउनुभयो । "परिषद्का सदस्यहरूको ज्ञान र अनुभव राष्ट्रिय सम्पत्ति हो, जसको उपयोग हामी निरन्तर रूपमा गर्न चाहन्छौं", उहाँले भन्नुभयो।

परिषद्का अध्यक्ष डा सुरेश मल्लले करिब आठ दशक लामो गौरवपूर्ण इतिहास बोकेको स्वतन्त्र तथा गैरराजनीतिक चिन्तन केन्द्रको रूपमा परिषद्ले अन्तरसंवाद, बहस, अनुसन्धान तथा नीतिगत सुझावका लागि एक महत्त्वपूर्ण मञ्चका रूपमा स्थापित हुँदै आएको बताउनुभयो। "यस संस्थाले नेता, कूटनीतिज्ञ, प्राज्ञ, नीति निर्माता तथा विज्ञहरूलाई नेपाल र विश्वसँग सम्बन्धित महत्त्वपूर्ण विषयहरूमा विचार आदानप्रदान गर्ने विशिष्ट अवसर प्रदान गर्दै आएको छ", उहाँले भन्नुभयो, "परिषद् नेपालका राष्ट्रिय हितहरूको प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा शान्ति, स्थायित्व र समृद्धिका लागि योगदान पुर्‍याउन निरन्तर प्रतिबद्ध रहेको छ।"

आजको विश्व तीव्र परिवर्तनबाट गुज्रिरहेको उल्लेख गर्दै अध्यक्ष मल्लले विश्वको एक भागमा हुने घटनाले अर्को भागलाई प्रत्यक्ष प्रभाव पार्ने अवस्था सृजना भएको अवस्थामा मानवताको हितका लागि जारी युद्ध र द्वन्द्वको अन्त्य अपरिहार्य भएको बताउनुभयो । सोही अवसरमा परिषद्द्वारा प्रकाशित जर्नल पनि विमोचन गरिएको थियो । यस वर्षको जर्नलमा 'अन्तरराष्ट्रिय परिदृश्य र यसको नेपालमाथिको प्रभाव' विषयमा आधारित १९ वटा लेखहरू समावेश गरिएको छ।

# ३३औं प्रधानन्यायाधीशको नेतृत्व गर्दै डा शर्मा

**रासस**
काठमाडौं, २५ बैशाख

संवैधानिक परिषद्ले भावी प्रधानन्यायाधीशका रूपमा सर्वोच्च अदालतका न्यायाधीश डा मनोजकुमार शर्माको नाम सिफारिस गरेपछि ३३औं प्रधानन्यायाधीशका रूपमा न्यायालयको नेतृत्व गर्नुहुनेछ।

प्रधानमन्त्री तथा परिषद्का अध्यक्ष वालेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले बिहीबार भावी प्रधानन्यायाधीशका लागि सिफारिस गरेपछि अब न्यायालयको नेतृत्वको गर्ने जिम्मेवारी डा शर्मामा आएको हो। विसं २०२७ असार ४ गते पर्साको वीरगन्जमा जन्मनुभएका डा शर्मा २०७६ वैशाख ६ सर्वोच्च अदालतको न्यायाधीश हुनुभएको थियो । उहाँले नेपाल ल क्याम्पसबाट बीएल र भारतको पुणे विश्वविद्यालयबाट एलएलएम गर्नुभएको छ। प्रधानन्यायाधीशमा सिफारिस हुनुभएका डा शर्माले त्रिभुवन विश्वविद्यालयबाट श्रम कानुनमा विद्यावारिधि गर्नुभएको छ।

न्यायको क्षेत्रमा कानुन व्यवसायीबाट प्रवेश गर्नुभएका डा शर्माले २०७० साल जेठ २७ देखि २०७२ मङ्सिर २६ सम्म उच्च अदालतको अतिरिक्त न्यायाधीश भएर काम गर्नुभएको थियो । परिषद्ले बिहीबार भावी प्रधानन्यायाधीशमा नाम सिफारिस गरेपछि संसदीय सुनुवाइ समितिले अनुमोदन गरेर राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ । डा शर्मा प्रधानन्यायाधीशमा नियुक्त भएमा २०८९ असार ४ सम्म छ वर्ष उहाँको कार्यकाल हुनेछ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण सेवानिवृत्त भएपछि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले गत चैत १८ गतेदेखि कायममुकायम (कामु) प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हालिरहनुभएको छ । प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था छ । नेपालको संविधानको धारा १२९(६) मा प्रधानन्यायाधीश अवकाश भएपछि वरिष्ठतम् न्यायाधीश स्वतः कामु प्रधानन्यायाधीश हुने व्यवस्था गरिएको छ। न्याय परिषद्ले गत फागुन २६ गते प्रधानन्यायाधीश बन्न योग्यता पुगेका सर्वोच्च अदालतका छ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो। प्रधानन्यायाधीशका लागि परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लसहित, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो।

# प्रादेशिक अस्पतालको सुविधाले घटायो सुत्केरीको हवाई उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

प्रादेशिक अस्पतालमा स्तरीय सेवा उपलब्ध भएपछि लाखौंको लागतमा हुने हवाई उद्धार क्रमशः घट्दै गएको छ।

पछिल्ला वर्षमा प्रदेशभित्रका अस्पतालको स्तरोन्नतिसँगै आधारभूत अस्पतालमा बढाइएको विशेषज्ञसहितको सेवाका कारण उक्त सङ्ख्या घट्दै गएको अनुमान गरिएको स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका स्वास्थ्य तथ्याङ्क अधिकृत बुद्धिसागर अधिकारीले बताउनुभयो । गण्डकी प्रदेश सरकारले २०७६ सालदेखि जोखिमममा परेका गर्भवती र सुत्केरीको निःशुल्क हवाई उद्धार सुरु गरेकामा यो सुविधा त्यस वर्ष १० जनाले लिएका थिए।

त्यसैगरी, २०७७ मा ३३, २०७८ मा आठ, २०७९ मा पाँच, २०८० मा चार, २०८१ मा एक र २०८२ यता हालसम्म छ जनाले सुविधा लिएको उहाँले जानकारी दिनुभयो।

जिल्लागत रुपमा २०७६ यता निःशुल्क हवाई उद्धार सेवा लिनेमा सबैभन्दा बढी बागलुङबाट ३० जनाले यो सेवा लिएका छन् भने म्याग्दीबाट १८, गोरखाबाट छ, मुस्ताङबाट पाँच, लमजुङबाट चार एवम् मनाङ र पर्वतबाट दुई/दुई जना गरी कुल ६७ जनाले सेवा लिएको उहाँले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारले २०७६ सालमा यो सेवा सुरु गर्नुअघि मन्त्रिपरिषद्को निर्णयअनुसार थप चार जनाले यो सुविधा लिएका अधिकारीले बताउनुभयो । गण्डकी प्रदेश सरकारले जोखिमममा परेका गर्भवती र सुत्केरीको निःशुल्क हवाई उद्धारलाई व्यवस्थित एवं प्रभावकारी बनाउन २०८० मा कार्यविधि ल्याएको हो।

प्रदेश सरकारले गण्डकी प्रदेशका १६ वटा अस्पतालको स्तरोन्नति गर्नुका साथै आधारभूत अस्पतालमा विशेषज्ञसहितको सेवा उपलब्ध गराएपछि स्वास्थ्य सेवाका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएको तथ्याङ्क अधिकृत अधिकारीले बताउनुभयो।

**स्वास्थ्यमा ध्यान दिऔं ।**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मुस्ताङमा नेपाली सेनाको दुईदिने 'हाइअल्टिच्युड सर्च एन्ड रेस्क्यु' अभ्यास सुरु

**रासस**
मुस्ताङ, २५ बैशाख



नेपाली सेनाको दुईदिने ' हाइअल्टिच्युड सर्च एन्ड रेस्क्यु' अभ्यास मुस्ताङमा सुरु भएको छ। यहाँको घरपझोङ गाउँपालिका जोमसोमस्थित नेपाली सेनाको इन्द्रबक्स गणको आयोजनामा बिहीबारदेखि खोज तथा रेस्क्यु अभ्यास सुरु गरिएको हो ।

उच्च हिमाली क्षेत्रमा अक्सिजनको कमी, अत्यधिक चिसो र भौगोलिक विकटताका कारण हुने सम्भावित जोखिम तथा दुर्घटना न्यूनीकरणका साथै खोज तथा उद्धारकार्यमा सहज पुर्‍याउने उद्देश्यले इन्द्रबक्स गणले यसप्रकारको नमूना अभ्यास आयोजना गरेको जनाएको छ ।

अभ्यासका लागि छिमेकी जिल्ला मनाङको भैरवी दल गुल्मबाट चार जना टोलीसहित इन्द्रबक्स गण र सैनिक उच्च शिखर शिक्षालय कैसाङबाट गरी करिब ५५ जनाभन्दा बढीको सहभागिता रहेको इन्द्रबक्स गणले जनाएको छ । उच्च हिमाली क्षेत्रमा गरिने खोज तथा उद्धार कार्यमा नेपाली सेनाको क्षमता अभिवृद्धि गर्ने र यस प्रकारका जोखिमयुक्त स्थानमा हुने सम्भावित दुर्घटनाबाट जोगाउन उद्धारकार्यलाई प्रभावकारी तुल्याउन प्राविधिक सीप र कलाको विकासले खोज तथा उद्धारमा सहयोग पुग्ने इन्द्रबक्स गणका प्रमुख सेनानी गौरवध्वज खाँडले जानकारी दिनुभयो । खोज तथा उद्धार अभ्यासअन्तर्गत हिमनदी र पर्वतीय खोंचमा पसेका यात्रीलाई सुरक्षित उद्धार लगायतका अभ्यास हुने उहाँले बताउनुभयो । 'रेस्क्यु' अभ्यासअन्तर्गतको पहिलो दिन इन्द्रबक्स गणको नजिकैको विशाल चट्टानी पहाडमा डोरीको सहायताबाट रक क्लामिङको नमूना अभ्यास गरी 'रेस्क्यु' अभ्यास गरिएको हो । त्यसैगरी अभ्यासको दोस्रो दिन आज (शुक्रबार) घरपझोङ गाउँपालिका-५ स्थित सैनिक उच्च शिखर शिक्षालय नजिकै रहेको हिमनदी इलाकामा 'रेस्क्यु' अभ्यास हुने इन्द्रबक्स गणले जनाएको छ । उक्त स्थान समुद्री सतहको चार हजार मिटरको उचाइमा छ । हिमनदी र हिउँ पहिरो जाने क्षेत्रमा अलपत्र परेका पदयात्रीको खोज तथा उद्धारकार्यको कृत्रिम अभ्यास गरिने जनाइएको छ ।

भ्यास कार्यक्रमको पश्चिम पृतना हेडक्वाटरका पृतनापति एवं उपरथि भोलानाथ थापा, २३ नं बाहिनीका बाहिनीपति एवं सहायक रथि विजय केसी, सैनिक उच्चशिखर शिक्षालयका महासेनानी सुशील प्याकुरेल र इन्द्रबक्स गणका गणपति प्रमुख सेनानी गौरवध्वज खाँडले अवलोकन गर्नुभएको थियो ।

कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म र जिल्ला प्रहरी कार्यालय मुस्ताङका सुरक्षा प्रमुख एवं प्रतिनिधिको उपस्थिति थियो । उच्च उचाइको क्षेत्रमा गरिने यस प्रकारका खोज तथा उद्धार अभ्यासले हिमाली क्षेत्रमा पदयात्रा गर्ने स्वदेशी तथा विदेशी पर्यटकको उद्धारकार्यमा प्रभावकारी भूमिका खेल्ने विश्वास गरिएको छ ।

# घाँटुनाच संरक्षणमा जुटे तनहुँका गुरुङ समुदाय

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ बैशाख



यहाँका गुरुङ बस्तीमा यतिबेला परम्परागत घाँटुनाच संरक्षणप्रति विशेष चासो दिन थालिएको छ । लोपोन्मुख बन्दै गएको यस मौलिक संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै पर्यटनसँग जोड्ने उद्देश्यले गाउँगाउँमा घाँटुनाचलाई चासो दिन थालिएका हुन् ।

भानु नगरपालिका-१३ बास्पानी, बन्दीपुरको आरथुम्का, आँबुखैरेनी गाउँपालिकाको भोटेश्वारा, दमौली, पुलिमर् याङ, टुटेपानी, हिलेखर्कलगायत होमस्टेगाउँमावैशाखपूर्णिमादेखि घाँटुनाच सुरु भइरहेको छ। यसले गाउँमा सांस्कृतिक रौनकता थप्नुकासाथै आन्तरिकपर्यटकको आगमनसमेत बढाएको स्थानीयवासी बताउँछन् ।

जिल्ला समन्वय समिति तनहुँका पूर्वसदस्य गलबहादुर गुरुङका अनुसार घाँटुनाचले गाउँको मौलिक संस्कृति, एकता र परम्पराको अनुपम झल्को दिन्छ । "घाँटु चल्दा पाहुनाको जमघट बढेको छ, यसले होमस्टेमा बसोबास गर्ने पर्यटकलाई जीवन्त संस्कृति अनुभव गर्ने अवसर दिएको छ", उहाँले भन्नुभयो ।

पर्यटनविज्ञ हरिसिंह गुरुङ घाँटुजस्ता मौलिक संस्कृतिलाई ग्रामीण पर्यटनको मेरुदण्ड मान्नुहुन्छ । "पर्यटक स्थानीय मौलिकता हेर्न गाउँ पुग्छन् । घाँटुनाचलाई व्यवस्थित रूपमा संरक्षण र प्रदर्शन गर्नसके यसले ग्रामीण अर्थतन्त्र उकास्न ठूलो योगदान पुर्‍याउँछ", उहाँको भनाइ छ।

पन्ध्रौँ शताब्दीतिर सुरु भएको मानिने घाँटुनाचमा रजस्वला नभएका कन्यालाई राजा परशुराम र रानी यम्फावतीको प्रतीकका रूपमा नचाइन्छ । तनहुँ, चितवन र गोरखा क्षेत्रमा बिजोर सङ्ख्यामा कन्यालाई 'घाँटुनी' बनाएर नचाउने परम्परा छ। अभियान्ता रञ्जित गुरुङका अनुसार नयाँ पुस्तामा सीप हस्तान्तरण गर्न विशेष प्रशिक्षणसमेत सञ्चालन गरिएको थियो । 'सति' र ' बाह्रमासे' दुई प्रकारमध्ये सतिघाँटु पञ्चमीका दिन पूजा गरी चण्डीथानजस्ता पवित्र स्थानमा सेलाएर यस वर्षका लागि समापन गरिएको छ।

# हिउँचितुवा गणना गर्न ५६ स्थानमा क्यामेरा राखियो

**रासस**
मुस्ताङ, २५ बैशाख



नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पहिलोपटक हिउँचितुवा गणनाका लागि क्यामेरा जडान गरिएको छ।

पन्ध्र दिन लगाएर तीन समूहले तीन हजार २०० मिटरदेखि पाँच हजार ५०० मिटरको उचाइमा पुगेर ५६ सेन्सरसहितको क्यामेरा जडान गरिएको छ।

नाउर र झारलको वैधानिक सिकार हुने ढोरपाटन सिकार आरक्षको उच्च हिमाली भेगमा हिउँचितुवा पाइने भए पनि अहिलेसम्म गणना हुनसकेको थिएन । हिउँचितुवाको यकिन सङ्ख्या पत्ता लगाउन प्राविधिक, सिकार आरक्षको टोली र गणकहरू क्यामेरा जडान गरेर फर्किएका छन् ।

आरक्षका रेन्जर सागर सुवेदीका अनुसार ५६ क्यामेरा तीन समूहले छवटा सिकार ब्लकमा राखेर फर्केको बताउनुभयो । क्यामेराले ४५ दिनसम्म आफैं फोटो सङ्कलन गर्नेछ । क्यामेराको ब्याट्री र मेमोरी कार्ड भने १५ दिनमा परिवर्तन गर्न प्राविधिक समूह पुनः क्यामेरा राखेको स्थानमा पुग्नेछ । ओडारमा बास बसेर, कष्टकर हिउँ छिचोलेर प्राविधिक टोली क्यामेरा जडान गरेर फर्किएको सुवेदीको भनाइ छ।

"हिउँचितुवाको गणनाका लागि ५६ स्थानमा क्यामेरा राखिएको छ, क्यामेराले ४५ दिनसम्म कैद गरेका फोटोका आधारमा चितुवाको सङ्ख्या पत्ता लगाइन्छ, अहिले १५-१५ दिनमा क्यामेराको मेमोरी र ब्याट्री फेर्न प्राविधिक टोली सोही स्थानमा पुग्छ", सुवेदीले भन्नुभयो, "सम्भावित चितुवाको बासस्थान, ओडार, जङ्गललगायत उच्च हिमाली भेगको बनोट हेरेर क्यामेरा जडान गरिएको छ।" हिउँचितुवा गणनामा १५ जना कर्मचारी तथा प्राविधिक खटिएका थिए।

ढोरपाटन सिकार आरक्षको तीन हजारदेखि पाँच हजार ५०० मिटरभन्दा माथिसम्म हिउँचितुवाको बासस्थान रहेको पाइएको छ। एक हजार ३२५ वर्ग किमी क्षेत्रमा फैलिएको आरक्षको मुख्यालय बागलुङमा रहे पनि म्याग्दी र रुकुमसम्म फैलिएको छ । वैशाखको ११ गतेदेखि राख्न थालिएको क्यामेरा ४५ दिनपछि सङ्कलन गरेर कार्यालयमा ल्याएर गणना गरिनेछ । आरक्षका विभिन्न सिकार ब्लकमध्ये सेङ, सुनदह, दोगाडी, घुस्तुङ, बार्से र फागुने ब्लकमा हिउँचितुवा गणना गर्न क्यामेरा जडान गरिएको हो।

रेन्जर सुवेदीका अनुसार हिउँचितुवा हिँड्ने सम्भावित बाटो, चट्टान, घारी र पास क्षेत्रमा स्वचालित क्यामेरा राखेर फोटो कैद गरी फोटोका आधारमा शरीरको धब्बा मिलाएर छुट्टाछुट्टै चितुवाको पहिचान गरिनेछ । यस्तै हिउँचितुवाको जङ्गलमा भेटिएको दिसा सङ्कलन गरेर प्रयोगशालामा परीक्षण गरिन्छ भने पदचिह्न तथा सङ्केत सर्वेक्षण पाइलाका आधारमा समेत चितुवाको सङ्ख्या गणना गर्न सकिन्छ।

# आहा अर्मके झरना !

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ बैशाख



धवलागिरी गाउँपालिका-४ मा रहेको अर्मके झरना ओझेलमा परेको छ । धौलागिरि चक्रीय पदमार्गको अन्तिम मानवबस्ती बगर जेल्तुङ नजिकै रहेको अर्मके झरना व्यवस्थापन, पूर्वाधार र प्रचारप्रसारको अभावका कारण ओझेलमा परेको छ। यो झरना सुन्दर, मनमोहक र आकर्षक देखिन्छ । अग्लो पहाडको फेदीमा दुईवटा तहमा छङछङ गर्दै झर्ने अर्मके झरनाको फेदीबाट म्याग्दी नदी बग्छ।

करिब २०० मिटर अग्लो झरनाको फेदीमा तलाउ छ। छेउमै प्राकृतिक तातोपानीको कुण्ड रहेको छ । झरनालाई पर्यटकले टाढैबाट अवलोकन गर्ने र तस्बिर भिडियो लिने गर्छन् । रमणीय भए पनि अर्मके झरना सुनसान हुन्छ। अर्मके झरना र प्राकृतिक तातोपानी कुण्डमा पूर्वाधार निर्माण, प्रचारप्रसार र व्यवस्थापन गरी पर्यटन विकासका लागि जनप्रतिनिधिले चासो देखाएका छन्। धवलागिरि गाउँपालिका-४ का वडासदस्य हरिप्रसाद तिलिजाले झरना र तातोपानी कुण्डलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गराउने प्रयास गरेको बताउनुभयो।

"म्याग्दीखोला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माणका क्रममा अर्मके झरना नजिकै हालै सडक पुगेको छ", उहाँले भन्नुभयो, "सडक सुविधासँगै अर्मके झरनामा पर्यटकको चहलपहल बढ्ने अपेक्षा गरिएको छ।" सडकदेखि तातोपानी कुण्ड र अर्मके झरनामा जानका लागि म्याग्दी नदीमा झोलुङ्गे पुल निर्माण गर्नुपर्ने आवश्यकता छ । हाल हिउँदयाममा काठको अस्थायी साँघु र डाइभर्सन सडकबाट झरनाको फेदी र तातोपानी कुण्डमा पुग्न सकिन्छ। बर्खायाममा झरनाको पानी उडेर कुण्डको टहराका काठ भिजेर कुहिने समस्या छ । जेल्तुङदेखि १० मिनेट पैदलयात्रा र पाँच मिनेट गाडीको यात्रामा अर्मके झरना र तातोपानी कुण्डमा पुग्न सकिन्छ।

जमिनभित्रबाट ५० डिग्री सेल्सियस तापक्रममा निस्कने तातोपानी सङ्कलन गरिएको बगर तातोपानीको पोखरीमा शरीर डुबाएर स्नान गरेमा चोटपटक लागेको, गानोगोला, ग्यास्ट्रिक, छालासम्बन्धी स्वास्थ्य समस्या निको हुने जनविश्वास छ। बगर हुँदै धौलागिरि हिमाल आरोहण गर्न र चक्रीय धौलागिरिको पदयात्रामा जाने पर्यटकलाई तातोपानी र झरनामा झुलाउन तथा उनीहरूको बसाइ सम्ब्याउन सहयोग पुग्ने देखिन्छ।

# कालीगण्डकी करिडोर: कैकुखोलामा पक्की पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ बैशाख

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत कैकुखोलामा मोटर सञ्चालन गर्न मिल्ने पक्की पुल निर्माण भएको छ।

बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयले थासाङ गाउँपालिकाको कैकुखोलामा २० मिटर लामो पक्की पुल निर्माण गरेको हो । योजना कार्यालयका सूचना अधिकारी इन्जिनियर जेमकुमार बैठाले पुल निर्माण सकिएपछि यातायातका साधन सञ्चालन हुन थालेका बताउनुभयो। विसं २०८१ वैशाख ११ मा कैकुखोलाको पुल बनाउन रु पाँच करोड ३४ लाख ६३ हजार ६२४ मा ठेक्का सम्झौता भएको थियो। पुलमा पुग्ने पहुँचमार्गको स्तरोन्नतिका साथै बाढी र कटान रोकथाम गर्ने संरचना पनि निर्माण भएका छन्। पर्वतको मालढुङ्गादेखि चीनको स्वशासित क्षेत्र तिब्बतको कोरला नाकासम्म २०२ किलोमिटर बेनी-जोमसोम-कोरला सडकअन्तर्गत हालसम्म १५ वटा पक्की पुल निर्माण भएका छन् । लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको घमीखोलामा एउटा पुल निर्माणाधीन छ। सो सडकमा छ वटा 'बेलिब्रिज' पनि निर्माण भएका छन्।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# एघार प्रकारका औषधि उत्पादन गर्दै आयुर्वेद केन्द्र

**रासस**
चितवन, २५ बैशाख

आयुर्वेद औषधि उत्पादन केन्द्र रत्ननगरले ११ प्रकारका औषधि उत्पादन गर्दै आएको छ। केन्द्रले गत आर्थिक वर्षमा नौ प्रकारका औषधि उत्पादन गर्दै आएकामा यस वर्ष थप दुई प्रकारका औषधि उत्पादन गरेको हो।

औषधि व्यवस्था विभागबाट २० प्रकारका औषधि उत्पादन गर्ने अनुमति प्राप्त गरेको भए पनि अहिले ११ वटा मात्रै उत्पादन गर्दै आएको केन्द्रका प्रमुख डा सुरेश महर्जनले जानकारी दिनुभयो।

उहाँका अनुसार अहिले उत्पादन हुँदै आएकामा चूर्ण (धुलो) औषधि हुन् । केन्द्रले अब ट्याब्लेटमा औषधि उत्पादन गर्दैछ।

पहिलो पटक नौ प्रकारका ट्याब्लेट औषधि उत्पादनका लागि अनुमति लिएर काम सुरु गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलो पटक हामी ट्याब्लेट औषधि उत्पादन गर्ने प्रक्रियामा रहेका छौं।"

केन्द्रले अहिले अश्वगन्धा चूर्ण ५० ग्राम र १०० ग्राम, अविपतिकर चूर्ण ५० ग्रम, महासुदर्शन चूर्ण ५० ग्राम, निमबादी चूर्ण ५० ग्राम, पुस्यानुग चूर्ण ५० ग्राम, त्रिफला चूर्ण ५० ग्राम, सीतोपलादी चूर्ण ५० ग्राम, आमलकी चूर्ण १०० ग्राम, बिल्वादी चूर्ण ५० ग्राम, हिङ्गबास्टक चूर्ण ५० ग्राम रहेका छन् । यस्तै, खदिरादी वटी, सर्पगन्धाघन वटी, गन्धक रसायन, चन्द्रप्रभा वटी, मटाशङ्ख वटी, रजप्रवर्तिनी वटी, योगराज गुग्गुलु, महायोगराज गुग्गुलु, कैशोर गुग्गुलु ट्याब्लेट उत्पादनको तयारीमा रहेको उहाँले जानकारी दिनुभयो । बागमती प्रदेश सरकारको अनुमति र सङ्घीय सरकारको मापदण्डमा रहेर औषधि उत्पादन गर्दै आएको उहाँले जानकारी दिनुभयो । अहिले केन्द्रले २३ औषधि उत्पादनलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ। उहाँका अनुसार केन्द्रले प्रदेश सरकारबाट ११९ औषधि उत्पादनका अनुमति पाइसकेको छ।

सरकारले प्राथमिकतामा राखेका २३ औषधि उत्पादन गर्ने तयारी गरिरहेको उहाँले बताउनुभयो । सरकारले अत्यावश्यकभित्र राखेका औषधि उत्पादन गरेर निःशुल्क उपलब्ध गराउने तयारी गरेको छ । सरकारले जारी गरेको कुशल औषधि उत्पादन अभ्यास निर्देशिका २०८२ अनुसार औषधि उत्पादन र सिफारिस गरिएको उहाँले बताउनुभयो। बागमती प्रदेशभित्र रहेका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा औषधि पुऱ्याउने गरी काम गरिएको उहाँले जानकारी दिनुभयो।

# सडक यातायातको सुविधासँगै गुर्जावासीको दैनिकी सहज

**सन्तोष गौतम**
म्याग्दी, २५ बैशाख/रासस

प्रशासनिक कामले यसै हप्ता जिल्ला सदरमुकाम बेनी आएकी धौलागिरि गाउँपालिका-१ गुर्जाकी डेकमाया छन्त्याल पाँच घण्टामै घर पुग्नुभयो ।

"यसअघि गाउँपालिकाको केन्द्र मुना आउन करिब नौ घण्टा पैदल र त्यहाँदेखि बेनी पुग्न थप तीन घण्टा गाडीमा यात्रा गर्नुपर्ने अवस्था थियो", उहाँले भन्नुभयो, "सडक यातायातको सुविधा भएपछि बेनीबाट बिहान ५:०० बजे गाडी चढेर १०:०० बजे खाना खान घरमै पुगियो ।"

यसअघि गुर्जादेखि लुलाङ हुँदै मुना पुग्न करिब नौ घण्टा भिर, जङ्गल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो । सडक सञ्जालमा जोडिएपछि गुर्जावासीको दैनिकी सहज भएको छ । अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायका २६५ घरपरिवारको बसोबास रहेको गुर्जाको एउटै बस्ती एकै वडामा समेटिएको छ । यहाँको जनसङ्ख्या एक हजार ५०५ जना छ । गुर्जावासीलाई दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमै अस्पताल पुऱ्याउन सहज भएको वडासदस्य गुनराम छन्त्यालले बताउनुभयो । "पहिले बिरामीलाई अस्पताल लैजान हेलिकप्टर बोलाउनुपर्ने अथवा बोकेर लुलाङ पुऱ्याउन पर्ने अवस्था थियो", उहाँले भन्नुभयो, "गाडीको सुविधा भएपछि बिरामीलाई सहज रुपमा समयमै अस्पताल पुऱ्याउन र खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्रीको ढुवानी सहज र सस्तिएको छ ।"



**पर्यटकको चहलपहल बढ्यो**

लुलाङ-गुर्जा सडक योजनामार्फत गुर्जासम्म मार्ग खुलेपछि पछिल्लो एक महिनायता जिप, ट्याक्टर र मोटरसाइकल सञ्चालन हुन थालेका छन् । ८८ वर्षीया चनमती छन्त्यालले गाडीसँगै आफन्तहरू भेट्न र घुम्न आउन थालेका बताउनुभयो । अर्का स्थानीय गुनप्रसाद विश्वकर्माले गाउँमा गाडी आउँदा खुसी लागेको बताउनुभयो । "गाडी चल्न थालेपछि कृषि, पशुजन्य र जडीबुटी बजारीकरणमा सहज भएको छ", उहाँले भन्नुभयो, "गुर्जामा पर्यटकको चहलपहल बढ्न थालेको छ ।"

म्याग्दी जिल्लाका विभिन्न ठाउँका साथै पोखरा, काठमाडौँलगायत सहरबाट गुर्जा घुम्न जानेहरू बढेका छन् । लुकेको बस्तीको रुपमा चिनिएको गुर्जामा छन्त्याल संस्कृति, जीवनशैली, खानी, हिमाल, वनस्पती, जडीबुटी, पशुगोठ, वन्यजन्तुको अवलोकन गर्न सकिन्छ ।

**म्याग्दीका सबै वडा सडक सञ्जालमा जोडिए**

धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको साझेदारी रहेको लुलाङ-गुर्जा सडक जिल्लाकै प्राथमिकताप्राप्त योजना भएको बताउनुभयो । "चार वर्षअघि वडा नम्बर २ को महतला भिरमा अड्किएको सडकको मार्ग खोलेर खोरिया, लमसुङ, लुलाङ हुँदै गुर्जासम्म यातायातको सुविधा विस्तार गर्न सफल भएका छौँ", उहाँले भन्नुभयो, "गुर्जासँगै धौलागिरिका सातवटै वडा मात्र नभएर म्याग्दीका छ वटा स्थानीय तहका ४५ वटै वडाहरू यातायात सञ्जालमा जोडिएका छन् ।" लुलाङदेखि गुर्जासम्म सडकको दूरी करिब २२ किलोमिटर छ । आर्थिक वर्ष २०७९/०८० मा लुलाङदेखि सडकको मार्ग खोल्न थालिएको थियो । चालु आवमा रु एक करोड ७० लाख बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्ट्रक्सनले गत पुष महिनामा रु ८८ लाख ८५ हजारमा ठेक्का सम्झौता गरेको थियो ।

**सडक स्तरोन्नतिको माग**

यातायात व्यवसायी लुकेश रसाइलीले लुलाङ र गुर्जाको सिमाना देउराली र लत्रवाङ खण्डको सडक स्तरोन्नति गर्नुपर्ने बताउनुभयो । तीन हजार मिटर उचाइमा रहेको देउराली र लत्रवाङ क्षेत्रको सडकलाई फराकिलो बनाउनुपर्ने घुम्ती, ग्रेड मिलाउन तथा ढलान र सोलिङ गर्नुपर्ने उहाँले बताउनुभयो ।

"चिसोमा हिउँ नपग्लिदै र बर्खामा आकाशबाट पानी नपर्दै लत्रवाङ-देउराली खण्ड पार गरिसक्नुपर्छ", उहाँले भन्नुभयो, "हिलो र चिप्लोमा सवारीसाधन उक्लन नसक्ने, फस्ने समस्याका साथै साघुरा घुम्तीमा गाडी गुडाउन जोखिम पनि उत्तिकै छ ।" गुर्जा नजिकैको कम्जाखोलामा मोटरेबल पुल बनाउन आवश्यक छ ।

हाल खोलाबाटै सवारी साधन आवतजावत गर्छन् । काठमाडौँमा बसोबास गर्ने गुर्जावासीहरूले कम्जाखोलामा अस्थायी पुल बनाउन आर्थिक सङ्कलन अभियान चलाएका छन् । धौलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले चालु आवकै ठेक्काकाको बाँकी काम र प्रदेश सरकारले हस्तान्तरण गरेको रु ५० बजेटबाट अप्ठ्यारो ठाउँमा सुधार, मर्मत र स्तरोन्नति गरिने बताउनुभयो ।

प्रदेश सरकारले पालिकामा पठाएको रु ५० लाख बजेटको योजना कार्यान्वयनका लागि ठेक्का सम्झौताको क्रममा रहेको छ । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण थालेको छ । गुर्जा हुँदै डोल्पा जोड्ने उच्च पहाडी राजमार्गको परिकल्पना

धौलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झक छन्त्यालले गुर्जा हुँदै कर्णाली प्रदेशको डोल्पा जोड्ने उच्च पहाडी राजमार्ग बनाउन सकेमा डोल्पा, मुगु र जुम्लाका बासिन्दालाई राजधानी काठमाडौँ पुग्न छोटो बाटो बन्ने बताउनुभयो ।

"गुर्जाका बासिन्दाहरू पहिला भोटमा नुन लिन र गोठ लिएर डोल्पा जान आउन प्रयोग गर्ने मार्गलाई सडक बनाउन सकेमा डोल्पाबाट ५०० किलोमिटर दूरीमै काठमाडौँ पुग्न सकिन्छ", उहाँले भन्नुभयो, "हिमाली र उच्च पहाडी भूगोलमा पर्ने भएकाले म्याग्दीको गुर्जा हुँदै डोल्पा जोड्ने सडकलाई उच्च पहाडी मार्गको रुपमा विकास गर्न सकिन्छ ।"

वडाध्यक्ष छन्त्यालले प्रतिनिधिसभा सदस्य महाविर पुन र म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीमार्फत गुर्जा डोल्पा जोड्ने उच्च पहाडी लोकमार्गको प्रस्ताव सङ्घीय र प्रदेश सरकारसँग गरिएको बताउनुभयो ।

# ढोरपाटनमा यस याममा १३ नाउर र छ झारलको सिकार

**भीष्मराज ओझा**
काठमाडौ, २५ बैशाख/रासस

नेपालको एकमात्र 'ढोरपाटन सिकार आरक्ष'मा यस वर्षको दोस्रो याम (चैत-वैशाख) मा १३ नाउर र छ झारलको सिकार गरिएको छ ।

यस आरक्षमा लिखित अनुमति लिएर तोकिएको समय र क्षेत्रमा नाउर, झारल, रतुवा र बँदेलको सिकार गर्न पाइन्छ । आरक्षमा दुई याममा सिकार खेलाइन्छ । पहिलो याम (असोज-कात्तिक) र दोस्रो याम (चैत-वैशाख) हुने गर्छ । यस याममा आरक्षका ब्लकहरु सुनदहमा दुई नाउर र दुई झारल, सेङ्मा दुई नाउर, दोगाडीमा पाँच नाउर, बार्सेमा एक नाउर, फागुनेमा एक नाउर र एक झारल तथा घुस्तुङमा दुई नाउर र तीन झारलको सिकार गरिएको छ । सिकारीले अनुमति लिएकामध्ये एक नाउर, चार झारल र १३ बँदेलको भने सिकार गर्न नसकेको आरक्ष कार्यालयले जनाएको छ । यो वर्षको दोस्रो सिजनका लागि १४ नाउर, १० झारल र १३ बँदेलको सिकार गर्न कोटा निर्धारण गरिएको थियो । पेसेवर विदेशी सिकारीका लागि यो आरक्ष विश्वमै प्रख्यात छ । यो आरक्ष यिनै वन्यजन्तुको सिकार गर्नका लागि विश्वमै एक प्रमुख गन्तव्यकै रूपमा चिनिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सिकार खेल्नका लागि आवश्यक कानुनी प्रक्रियामार्फत राजस्व निर्धारण गर्ने गरेको छ ।

सिकार खेलाएर आरक्षले आर्थिक वर्ष २०८०/८१ मा चार करोड २६ लाख ८८ हजार ७००, आव २०८१/८२ मा रु दुई करोड ७५ लाख ६० हजार ४०० र आव २०८२/८३ रु चार करोड १७ लाख ७९ हजार राजस्व आम्दानी गरेको आरक्षका रेञ्जर सागरप्रसाद सुवेदीले बताउनुभयो । नाउरको तौल औसतमा ७० केजीभन्दा बढी हुन्छ । सिकारीले सिकार गरेपछि वन्यजन्तुको आखेटोपहार (सिङ, छाला र खुर) कानुनी रूपमा व्यवस्थित तवरले आफूसँगै लैजाने गरेको रेञ्जर सुवेदीले जानकारी दिनुभयो । सिकार गरिएको वन्यजन्तुको मासु जङ्गलमा समूहमै खाने र अन्य फोहर गाड्ने गरिन्छ ।

आरक्षमा यो याममा नेपाल ट्राभल एकसपिडिसन प्रालि, हिमालयन सफारिज प्रालि, हिमालयन वाईल्डलाइफ आउटफिटर्स प्रालि, ओपन नेपाल वाईल्डलाइफसफारी एण्ड ट्रेक प्रालि, ग्लोबल सफारिज नेपाल प्रालि रट्राक्स एण्ड ट्रेल्स प्रालिले सिकारका लागि टेण्डर पाएका थिए । बोलपत्र बढाबढमा सबैभन्दा बढी मूल्य बोलकबोल गर्ने कम्पनीलाई सिकारका लागि छनोट गर्ने गरिएको विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिनुभयो । बोलपत्र बढाबढमा अधिकतम् एक नाउरको सिकार गर्न रु २३ लाखसम्म र झारलको सबैभन्दा बढी रु १८ लाखसम्म बोलकबोल गरिएको विभागको तथ्याङ्क छ । "सिकार गर्नका लागि सिकारीलाई २१ दिनसम्मको समय दिइन्छ । सिकारीले अनुमति प्राप्त बन्दुक र गोली आफ्नो देशबाट ल्याउने र त्यसैले सिकार गर्ने गर्छन्", वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो । सिकारीका लागि सो अवधिमा २५ देखि ३० जना सहयोगी टोली खटिन्छन् ।

यी वन्यजन्तुको सिकार खेल्न दिनका लागि प्रत्येक पाँच वर्षमा गणना गरिन्छ । सन् २०२१ मा गणनाअनुसार नाउरको सङ्ख्या एक हजार २९० र झारलको सङ्ख्या ७४४ रहेको आरक्षका रेञ्जर सुवेदीले जानकारी दिनुभयो ।

**कसरी निर्धारण गरिन्छ सिकार**

आरक्षमा जन्यजन्तुको गणनापछि वैज्ञानिक तरिकाले सिकार लागि निश्चित सङ्ख्या निर्धारण गरिन्छ । सङ्ख्या निर्धारण पछि बुढो उमेरको भालेको मात्र सिकार गर्ने, गरिने आरक्षको भनाइ छ । करिब १२ वर्षभन्दा बुढो उमेरका भालेको आँकलन गरी टेलिस्कोपबाट हेरेर पहिचान निश्चित गरिन्छ ।

"यसरी सिकार गर्न दिँदा कुनै जनावर अत्यन्त न्यून वा सखापै हुने अवस्था रहँदैन । साथै जनावरको सङ्ख्या अत्यधिक बढेर आफ्नै बासस्थानलाई नोक्सान पुऱ्याउने वा स्थानीय बालीनालीलाई अत्यधिक क्षति पुऱ्याउने परिस्थिति पनि उत्पन्न हुँदैन", वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो ।



विसं २०४४ मा स्थापना भएको यस आरक्षको क्षेत्रफल एक हजार ३२५ वर्ग किमी रहेको छ । रुकुम पूर्व, बाग्लुङ र म्याग्दीका केही भागमा आरक्ष फैलिएको छ ।

यस आरक्षमा ३२ प्रजातिका स्तनधारी जनावर पाइन्छन् । प्रमुख जनावर नाउर, झारल, थार र हिमाली भालु हुन् । यहाँ दुर्लभ एवं संरक्षित पन्छीको सूचीमा परेका डाँफे, मुनाल, चिरलगायत १६४ प्रजातिका चराहरू पाइन्छन्। वन्यजन्तुको सदुपयोगका साथै संरक्षण होस् भन्ने हेतुले यस क्षेत्रलाई सिकार आरक्ष बनाइएको हो । आरक्षमा सिकार खोलाउने मध्येको एक हिमालयन सफारिज कम्पनीले यस याममा सिकारका लागि नाउर दुई, झारल एक र दुई बँदेलको अनुमति लिएको जनाएको छ । त्यसमध्ये दुई नाउरको सिकार गरेको र मौसमी प्रतिकूलताका कारण एक झारलको सिकार गर्न नसकिएको सञ्चालक महेश बस्नेतले बताउनुभयो ।

"प्रायः सिकारीले बँदेलको सिकारमा खासै इच्छा देखाउँदैनन् र सहजै भेटिएमा मात्र सिकार गर्ने गरेका छन् । तर नाउर र झारलसँगै सङ्ख्याको अनुपातमा बँदेलको पनि सिकारका लागि अनुमति भने लिनैपर्ने कानुनी प्रावधान छ", सञ्चालन बस्नेतले भन्नुभयो । यस याममा संयुक्त राज्य अमेरिका, फ्रान्स, स्पेन, रसिया, जर्मनी, बेल्जियम र डेनमार्कका नागरिक सिकार खेल्न आएका थिए । कम्पनीहरूले प्रतिसिकारी पर्यटकबाट ३० देखि ३५ हजार अमेरिकी डलर लिएर सिकार खेलाउने गरेका छन् । यस अघिको तुलनामा आरक्षमा चोरी, सिकारी नियन्त्रण भएकोले वन्यजन्तुको सङ्ख्यामा वृद्धि देखिएको सिकार कम्पनीहरुको भनाइ छ ।

# एक लाख ३६ हजार पशुलाई खोप

**रासस**
बागलुङ, २५ बैशाख

बागलुङका ६ स्थानीय तहका एक लाख ३६ हजार ७८१ पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङले कृषकका घर तथा खर्क र चरनक्षेत्रमै पुगेर पशुलाई खोप लगाएको हो ।

ढोरपाटन र गलकोट नगरपालिका, निसीखोला, तमानखोला, बडिगाड र ताराखोला गाउँपालिकाका गाई, भैँसी, बाख्रा, भेडा, बङ्गुर र कुकुरलाई विभिन्न रोगको खोप लगाइएको हो । छ स्थानीय तहका कुकुरलाई समेत खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । उहाँका अनुसार १७ हजार ३६५ गाई, २७ हजार ५२ भैँसी र ८३० बङ्गुरलाई खोरेतविरुद्धको खोप लगाइएको छ ।

खोरेत रोगका कारण पशुको मुखभित्र, खुट्टा र स्तनमा फोका आउने तथा दूध उत्पादन घट्दा कृषकलानी हानी भएको छ । आर्थिक क्षतिको रोकथाम गर्दै पशुको रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने तथा दूध, मासु र प्रजनन क्षमतामा समेत वृद्धि गराउने उद्देश्यका साथ अभियान सञ्चालन गरिएको प्रमुख डा सापकोटाले बताउनुभयो ।

खोप लगाउँदा पशुको शरीरमा एन्टिबडी बन्ने भएकाले खोरेत भाइरसविरुद्ध प्रतिरोध हुने, विभिन्न जोखिम कम गर्ने, किसानलाई नोक्सानीबाट बचाउने र उत्पादनमा समेत वृद्धि हुने उहाँको भनाइ छ । त्यसैगरी, ६९ हजार ४८४ बाख्रा र १३ हजार ३७९ भेडालाई पिपिआर खोप लगाइएको प्रमुख डा सापकोटाले बताउनुभयो ।

घातक रोगबाट बचाएर पशुपालनमा हुनसक्ने आर्थिक नोक्सानीलाई रोक्न ढोरपाटन र निसीखोलाका चरन क्षेत्रमै पुगेर खोप लगाइएको छ । खोप लगाएपछि भेडाबाख्रामा उच्च ज्वरो, आँखा र नाकबाट पानी झर्ने, मुखभित्र घाउ र दादुरा, खाना खान नसक्ने, पखाला र निमोनिया तथा विभिन्न कारणले हुनसक्ने मृत्युको दरसमेत घट्ने प्रमुख डा सापकोटाले बताउनुभयो ।

पश्चिम बागलुङका घरपालुवा र सामुदायिक गरेर सात हजार ७७४ कुकुरलाई रेविजविरुद्धको खोप लगाइएको छ । रेविजविरुद्धको खोप कुकुरलाई लगाएपनि यसबाट मानिसलाई समेत घातक रोगबाट बचाउने उद्देश्यका साथ खोप लगाइँदै आएको छ । कुकुरलाई लगाइने यो खोपले कुकुरको रेविज रोक्ने, मानिस र समाजलाई समेत सुरक्षित राख्न मद्दत गर्दछ ।

त्यसैगरी ८९७ बङ्गुरलाई अत्यन्तै सङ्क्रामक रोग नियन्त्रणका लागि लगाइने सिएसएफ खोप लगाइएको छ । चौबीस महिला र २५ पुरुष खोपकर्ता खटाएर कृषकका घरदैलोमै पुगेर खोप अभियान सम्पन्न गरिएको प्रमुख डा सापकोटाले बताउनुभयो । पहिलो चरणको अभियानमा पश्चिम बागलुङका ६ स्थानीय तहमा खोप अभियान सम्पन्न गरेर दोस्रो चरणको अभियान बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकामा यही वैशाख १ गतेदेखि सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । वैशाख मसान्तसम्ममा अभियान सञ्चालन भइरहेका बाँकी चार स्थानीय तहका सबै पशुलाई खोप लगाइने छ । सो कार्यका लागि ३५ प्राविधिक वडा-वडामा खटिएका छन् ।

## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०१/२६ गते

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५-१०-२३ मा दर्ता भएको प्रा.लि. द.नं.२०८२५८ को समुन्नति म्यूचियल इन्भेष्टमेन्ट समूह प्राइभेट लिमिटेड नामक कम्पनी बनेपा नगरपालिका-१०, काभ्रेपलाञ्चोक, (प्यान नम्बरः ६०६६४७९५९), यस कार्यालयको मिति २०८२-०९-१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ल्वाङगाउँमा 'सिनेमा संवाद'

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

चौथो संस्करणको 'सिनेमा संवाद' शुक्रबारदेखि कास्कीको पर्यटकीय गाउँ ल्वाङमा सुरु हुँदैछ । नेपाली चलचित्र क्षेत्रका विविध विषयमा सिर्जनात्मक बहससहित चलचित्रकर्मी, पत्रकार र सरोकारवालाबीच अनुभव आदानप्रदान हुने उक्त कार्यक्रमको तयारी पूरा भएको आयोजक चलचित्र पत्रकार सङ्घ नेपाल कास्कीले जनाएको छ ।

शनिबारसम्म चल्ने संवाद कार्यक्रममा नेपाली चलचित्र क्षेत्रको वर्तमान अवस्था, चुनौती र सम्भावनाका विषयमा बौद्धिक छलफल एवं विमर्श हुने सङ्घका अध्यक्ष सन्तोष बस्यालले बताउनुभयो । यसपालिको संस्करणमा 'नयाँ पुस्ता र नेपाली सिनेमा', 'सिनेमामा द्वन्द्व', 'ग्लोबल मार्केटमा नेपाली सिनेमा' र 'कन्टेन्ट क्रियटर भर्सेस नेपाली सिनेमा'लगायत विषयमा बहस हुने उहाँको भनाइ छ ।

'नयाँ पुस्ता र नेपाली सिनेमा' शीर्षकमा अभिनेत्री आचल शर्मा, अभिनेता सलोन बस्नेत र अभिनेत्री सनिशा भट्टराई वक्ताका रूपमा रहनुभएको छ । 'सिनेमामा द्वन्द्व' विषयमा अभिनेता निखिल उप्रेती र लेखक-निर्देशक मनोज पण्डित वक्ताका रूपमा रहनुभएको छ ।

'ग्लोबल मार्केटमा नेपाली सिनेमा'मा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, लेखक-निर्माता सामिप्य तिमिल्सिना र अभिनेत्री बेनिशा हमाल वक्ताका रूपमा सहभागी हुने जनाइएको छ । 'कन्टेन्ट क्रियटर भर्सेस नेपाली सिनेमा'मा प्रकाश सुवेदी, इस्टु कार्की र महेश भण्डारी वक्ताका रूपमा रहनुभएको छ ।

यस कार्यक्रमले माछापुच्छ्रे गाउँपालिका-८ स्थित ल्वाङगाउँको पर्यटन प्रवर्द्धनसँगै नेपाली चलचित्र क्षेत्रका विकासमा टेवा पुग्ने विश्वास लिइएको छ । यसअघि कास्कीको पर्यटकीय गाउँ घान्द्रुक, सिक्लेस र लमजुङको घले गाउँमा 'सिनेमा संवाद' आयोजना गरिएको थियो ।